ऐन संख्या- १

# तिला गाउँपालिकाको आर्थिक ऐन, २०७४

गाउँसभा बाट स्वीकृत मितिः–२०७४/०३/३०

तिला गाउँपालिका

जुम्ला

६ नं. प्रदेश, नेपाल

## तिला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** तिला गाउँपालिकाको आर्थिक वर्ष 2074/075 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (2) बमोजिम तिला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 2074" रहेको छ ।
   (2) यो ऐन 2074 साल श्रावण 1 गतेदेखि तिला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **जडिबुटी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटीको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन पटके करः** गाउँपालिकाले निर्माण गरेको कृषि सडकमा सवारी साधन आवत जावत गरे बापत अनुसूचि (४) बमोजिम सवारी साधन पटके कर लगाइने र असुल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीबाट अनूसूचि (७) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **भुमि करः** प्रदेश कानून बनेपछि सोही बमोजिम लगाइनेछ ।

१०. **सम्पत्ति करः** प्रदेश कानून बनेपछि सोही बमोजिम लगाइनेछ ।तर स्थानीय तहले आफ्नो गाउँपालिका क्षेत्रमा अनुसुचि (८) बमोजिमको सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

११. **मालपोत शुल्क (तिरो):** गाउँपालिका क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसुची (९) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **घर करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घरको कर अनुसुची (१०) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१३. **जरिवाना शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै द्वन्द्व ,विवाद सामाजिक ,झगडा–१) अनुसुची बापत१। गरिनेछ उपर असुल र लगाइने शुल्क जरिवाना बमोजिमको (

१४. **ढुङ्गा, गिट्टी, बालुवा करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ढुङ्गा गिट्टी बापत अनुसुची (१२) बमोजिमको शुल्क लगाउने तथा कर लगाइने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर दुई भन्दा बढी व्यवसाय गर्ने व्यक्ति संस्थालाई उच्चतम दरको कर लिइ बाँकी व्यवसायको कर मिनाहा गरिनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर**

१. कुनै पनि निजी व्यक्तिलाई घर गाउँपालिकालाई घरधनीले दिएमा बहालमा कोठा , घरभाडामा दिए बापतको १० %रकम बुझाउनु पर्ने

२. कुनै पनि सार्वजनिक सँस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा घरधनीले गाउँपालिकालाई घरभाडा सम्झौता भए बापतको १५% रकम बुझाउनु पर्ने

अनुसुची २

(दफा ३ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने व्यवसाय करको दर

१. होटल व्यवसायः

a. साधारण प्रकृतिको होटल, चिया नास्ता पसल – रु. ५००।–
b. लजिङ फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट – रु. १०००।–
c. तालिम हल, एट्याच टोइलेट बाथरुम, वाइफाइ, सहितको होटल – रु. १५००।–

२. मदिरा पसलः
    a. खुद्रा पसल – रु. ५००।–
    b. थोक पसल – रु. १०००।–
३. इलेक्ट्रोनिक्स पसलः (मोवाइल, कम्प्युटर, ल्यापटप, बिजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिकस्स सामानहरु)
    a. खुद्रा पसल – रु. ५००।–
    b. थोक पसल – रु. १०००।–
४. सवारी साधन विक्रेता/ग्यारेज/मर्मतः
    a. साइकल – रु. ५००।–
    b. मोटरसाइकल – रु. १०००।–
५. खाद्य पदार्थः (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामाग्रीहरु)
    a. घुम्तिः रु. २५०।–
    b. खुद्राः रु. ५००।–
    c. थोकः रु. १०००।–
६. फ्रेश हाउसः (कुखुरा/माछा/खसि/राँगा/बोका/भेडा आदि)
    a. खुद्राः रु. ५००।–
    b. थोकः १०००।–
७. ईन्धन व्यवसायः (पेट्रोल, डिजेल, मट्टितेल, मोविल, ग्यास आदि) : रु. १०००।–
८. लुगा सिलाउने (टेलर्स) /कपाल काट्ने (सैलुन) /बिउटि पार्लरः रु ५००।–
९. नर्सरीः (फलफुल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रिबितरण) : रु. ५००।–
१०. फोटो स्टुडियोः (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स, साइवर) रु. १०००।–
११. हार्डवेयरः रु. १०००।–
१२. सुनचाँदि पसलः रु. १०००।–
१३. फर्निचर (काठको सामान मर्मत, निर्माण, बिक्री) : रु. १०००।–
१४. जुत्ता चप्पल बिक्रीः रु. ५००।–
१५. स्टेशनरीः रु. १०००।–
१६. मेडिकल/एग्रोभेटः रु. १०००।–
१७. काठ चिर्ने/कुटानी पिसानी मिलः रु. १०००।–
१८. घुम्ति व्यवसाय करः रु. १०००।–
१९. मिठाई पसलः रु. १०००।–
२०. मनि एक्सचेन्जर (IME/Western Union/Pravu लगायत अन्य) : रु. १०००।–
२१. बैङ्किङ्ग तथा वित्तीय कारोवारः रु. ३०००।–
२२. प्राइभेट बिद्यालयः रु. २०००।–

२३. अन्य व्यवसायः रु. १०००।–

## अनुसुची ३

(दफा ४ सँग सम्बन्धित)

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने जडिबुटी कर

१. धुपी प्रति के.जि. – रु. ५
२. खिरालो प्रति के.जि. – रु. ५
३. सुगन्धवाल प्रति के.जि. – रु. १०
४. पाखनवेद प्रति के.जि. – रु. ५
५. पदमचाल्लो प्रति के.जि. – रु. ५
६. वन लसुन प्रति के.जि. – रु. २००
७. ठोगिनी प्रति के.जि. – रु. ५
८. अतिस प्रति के.जि. – रु. ५
९. देयारतेल प्रति के.जि. – रु. ५
१०. जटामसी प्रति के.जि. – रु. १०
११. रातो च्याउ प्रति के.जि. – रु. १०
१२. धुचि च्याउ प्रति के.जि. – ५००

## अनुसुची ४

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिका आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी साधन पटके कर

१. बस, ट्रक, डोजर, हेभि इक्विपमेन्टः दिनको रु. १००।–

अनुसुची – ५

(दफा ६ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ बोर्ड/फ्लेक्स प्रिन्ट मार्फत विज्ञापन गरे बापतः रु. १५००।

अनुसुची ६

(दफा ७ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जादु, चटक देखाये बापत लगाउने कर –

१. पहिलो दिनको लागि – रु. ५००
२. दोश्रो दिन सम्मको लागि – रु. १०००
३. पाँच दिन भन्दा बढिको लागि – रु. १५००

## अनुसुची ७

(दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गर्नेछ ।

१. व्यक्तिगत सिफारिस – रु. १००
२. संघ संस्थाको सिफारिस – रु. १००
३. नागरिकता सिफारिस – रु. १५०
४. नागरिकता प्रतिलिपि सिफारिस – रु. १००
५. नाता प्रमाणित (जिवित सँगको/मृतक सँगको) – रु. २००
६. मदिरा उद्योग सिफारिस – रु. १०००
७. घर जग्गा नामसारी सिफारिस – रु. २००
८. मोही लगत कट्टा सिफारिस – रु. १००
९. घर कायम सिफारिस – रु. १००
१०. छात्रवृत्ती सिफारिस – रु. १००
११. विपन्न विद्यार्थी छात्रवृत्ती सिफारिस – रु. १००
१२. अपाङ्ग सिफारिस – रु. ५०
१३. अस्थायी बसोबास सिफारिस – रु. १००
१४. स्थायी बसोबास सिफारिस – रु. १००
१५. बैबाहिक अङ्गिकृत नागरिकता सिफारिस – रु. २००
१६. आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित – रु. ५००
१७. आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित – रु. १००
१८. विद्युत जडान सिफारिस – रु. २००

१९. धारा जडान सिफारिस – रु. २००
२०. जिवित रहेको सिफारिस – रु. १००
२१. दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस – रु. १००
२२. फरक जन्म मिति संशोधन सिफारिस – रु. १००
२३. जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित – रु. ५००
२४. व्यवसाय बन्द/सन्चालनमा नरहेको सिफारिस – रु. १००
२५. व्यापार व्यवसाय नभएको सिफारिस – र. १००
२६. कोर्ट फि मिनाहा सिफारिस –रु. १००
२७. नावालक परिचय पत्र सिफारिस – रु. १००
२८. चौपाय सम्बन्धि सिफारिस – रु. १००
२९. व्यवसाय दर्ता सिफारिस – रु. ५००
३०. व्यवसाय दर्ता – रु. १०००
३१. व्यवसाय नविकरण – रु. ५००
३२. उद्योग ठाउँसारी सिफारिस – रु. ५००
३३. विद्यालय ठाउँसारी सिफारिस – रु. २००
३४. बिद्यालय सन्चालन स्विकृत/कक्षा वृद्धि सिफारिस – रु. ५००
३५. जग्गा दर्ता सिफारिस – रु. २००
३६. संरक्षक सिफारिस – रु. २००
३७. नेपाल सरकारको नाममा बाटो कायम सिफारिस – रु. २००
३८. निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस – रु. ५०
३९. घर बाटो प्रमाणित – रु. १००
४०. चार किल्ला प्रमाणित – रु. १००
४१. हकवाला वा हकदार प्रमाणित – रु. १००
४२. अविवाहित प्रमाणित – रु. १००
४३. जग्गा धनिपुर्जा हराएको सिफारिस – रु. १००
४४. पुर्जामा घर कायम गर्ने सिफारिस – रु. १००
४५. मिलापत्र कागज/उजुरी दर्ता – रु. १००
४६. विवाह दर्ता – रु. ५००
४७. जन्म दर्ता – रु. १००
४८. मृत्यु दर्ता – रु. ५०
४९. बसाईसराई – रु. १०००
५०. घटना दर्ता प्रतिलिपी – रु. ३००
५१. हल भाडा – रु. १०००
५२. उद्योग दर्ता सिफारिस – रु. २०००

५३. चल अचल सम्पत्ति सिफारिस – रु. ३००
५४. संस्थालाई अनुभव पत्र – रु. १५००
५५. बन जडिबुटी पुर्जी सिफारिस – रु. १०००
५६. जग्गा नामसारी – रु. ३००
५७. चारकिल्ला प्रमाणित – रु. २००
५८. बैंक बित्तीय संस्था दर्ता – रु. ५०००
५९. प्राइभेट स्कुल दर्ता – रु. १०००
६०. घरेलु साना उद्योग – रु. ५००
६१. खानेपानी मुहान दर्ता – रु. ५००

## अनुसुची – ८

(दफा ११ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ब्यक्तिहरुको कुल जायजेथा (घर, जग्गा, सुन चाँदि गहना, शेयर लगानी, आय आर्जन आदि) बापतको १०% सम्पत्ति कर लगाउनेछ ।

## अनुसुची – ९

(दफा १२ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ब्यक्तिहरुले आफ्नो जग्गाको तिरो तिर्नु पर्ने शुल्क

१. अब्बल – प्रति रोपनी रू. ५०

२. दोयम – प्रति रोपनी रु. ३०

३. सिम – प्रति रोपनी रू. २०

४. चाहार –खेत प्रति रोपनी रू. १० पाखो प्रति रोपनि रु. ५

५. पाचौ तह – खेत प्रति रोपनी रु. ५, पाखो प्रति रोपनी रु. २.५

नोटः एक रोपनी भन्दा कम जग्गा भएमा रू. १५ शुल्क लिइनेछ ।

## अनुसुची – १०

दफा ११ सँग सम्बन्धित

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको प्रत्येक घरधुरी बाट देहाय बमोजिमको कर लगाउनेछ ।

१. प्रति घर धुरी (साधारण)– रु ३५

२. प्रति घर धुरी (जस्ताको छाना) – रु ५०

३. प्रति घर धुरी (पक्की घर) – रु. १००

अनुसुची – ११

दफा १४ सँग सम्बन्धित

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा, सामाजिक विवाद, द्वन्द्व बापत लगाउने जरिवाना, शुल्क

१. सार्बजनिक स्थलमा मदिरा पिउने, बिक्री बितरण गर्ने, हो-हल्ला, झै-झगडा गरेमा
    a. पहिलो पटकको लागी रु. १०००।-
    b. दोश्रो पटकको लागी रु. १५००।-
    c. तेश्रो पटकको लागी रु. ३०००।-
२. सार्बजनिक स्थलमा जुवातास खेलेमा
    a. पहिलो पटकको लागी - रु. १०००।-
    b. दोश्रो पटकको लागी - रु. १५००।-
    c. तेश्रो पटकको लागी - रु. ३०००।-
३. देवयानी प्रकृतिका मद्दाहरुमा - रु. १०००।-

अनुसुची - १२

दफा १५ सँग सम्बन्धित

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने ढुङ्गा गिट्टी बालुवाको कारोबार गरे बापतको शुल्क तथा कर

संस्था/ठेकेदारको हकमा

१. ढुङ्गा प्रति ट्रली - रू. ५००।- (कर रु. ५०)

२. गिट्टी, बालुवा प्रति ट्रली – रु. ३०००।– (कर रु. १००)

व्यक्तिको हकमा

१. ढुङ्गा प्रति ट्रली – रु. ५ (कर)

२. गिट्टी, बालुवा प्रति ट्रली – रु. १० (कर)